## ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०४ प्रकाशित मिति : २०७९/११/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## सार्वजनिक नीजि साझेदारी सम्बन्धी कार्यविधि – २०७९

**प्रस्तावना :**

ताँजाकोट गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक, गरिबी निवारण, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, फोहरमैला व्यवस्थापन, समग्र विकास गर्ने उद्देश्यले र सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिका बीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु सञ्चालन गर्न बाञ्छनीय देखिएकोले ताँजाकोट गाउँ कार्यपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागु गरेको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "सार्वजनीक नीजि साझेदारी कार्यविधि २०७९" रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले ताँजाकोट गाउँपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले ताँजाकोट गाउँ कार्यपालिका लाई सम्झनुपर्छ।

(घ) "अध्यक्ष" भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(च) "अनुमति पत्र" भन्नाले आयोजना कार्यान्वयन गर्न दिएको यस कार्यविधि अनुसारकाको अनुमति सम्झनुपर्छ।

(छ) "आयोजना" भन्नाले यस कार्यविधिमा उल्लेख गरिएका आयोजना सम्झनुपर्दछ।

(ज) "प्रस्ताव मुल्यांकन समिति" भन्नाले यस कार्यविधिमा व्यवस्था गरेको समिति सम्झनुपर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ञ) "सानिसा समिति" भन्नाले यस कार्यविधिमा तोकेको सार्वजनीक निजी साझेदारी इकाई सम्झनुपर्छ।

(ट) "कार्य दिन" भन्नाले सार्वजनिक बिदाको दिन बाहेक स्थानीय सरकार वा मातहतका कार्यालय खुला रहेको दिन सम्झनुपर्दछ।

(ठ) "सोझै प्राप्त भएको प्रस्ताव" भन्नाले आयोजना कार्यान्वयन गर्ने निकाय सानिसा समितिले प्रस्ताव आव्हान नगरेको तर कुनै इच्छुक निजी निकायबाट पहिचान गरी कार्यान्वयनका लागि पेश गरिएको प्रस्ताव सम्झनुपर्दछ।

**परिच्छेद-२**

**आयोजना स्वीकृति सम्बन्धी व्यवस्था**

४. **आयोजना स्वीकृतिका लागि निवेदन पेश गर्नुपर्ने :**

(१) सार्वजनीक निजि साझेदारी समितिले तोकिएका आयोजना सार्वजनिक नीजि साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा देहायका विवरणहरु खुलाई कार्यपालिकाबाट स्वीकृत गराउँनु पर्नेछ :-

(क) आयोजनाको विवरण,

(ख) आयोजनाको विशेषता,

(ग) आयोजना सार्वजनिक निजी साझेदारीको कुन ढाँचाबाट कार्यान्वयन गरिने हो सोको विवरण,

(घ) आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सम्भव र उपयूक्त देखिएका आधार,

(ङ) आयोजना कार्यान्वयनबाट प्राप्त हुने लाभ,

(च) आयोजना कार्यान्वयनको लागि संघीय सरकार वा दातृ निकायसंग कुनै किसिमको सहयोग माग गरिए वा नगरिएको र माग गरिएको भए त्यस्तो सहयोग प्राप्त हुन वा नहुने कुरा,

(छ) आयोजनाको सर्वेक्षण भए वा नभएको र सर्वेक्षण भएको भए त्यसको अनुमानित लागत,

(ज) एकै प्रकृतिका एक भन्दा बढी आयोजना कार्यान्वयन गर्ने भए त्यस्ता आयोजनाको प्राथमिकता,

(झ) अन्य आवश्यक कुराहरु।

(२) उपदफा (१) बमोजि आयोजना स्वीकृतिका लागि पेश गर्दा सबै विवरणहरु खुलाई प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।

५. **आयोजना स्वीकृत गर्ने :**

(१) दफा ४ बमोजिम प्राप्त भएको विवरणहरुको आधारमा आयोजना सार्वजनिक निजी लगानीमा कार्यान्वयन गर्न सम्भव र उपयूक्त देखिएमा कार्यपालिकाले विवरण पेश भएको मितिले सात दिन भित्र आयोजना स्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत गर्दा एकै प्रकृतिका एक भन्दा बढी आयोजना कार्यान्वयन गर्न उपयूक्त देखिएमा कार्यपालिकाले त्यस्तो आयोजनाको प्राथमिकता समेत तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न स्वीकृति दिनु अघि कार्यपालिकाले आवश्यक देखेमा आयोजनाको सम्बन्धमा सार्वजनिक नीजि साझेदारी समितिसंग थप विवरण बुझ्न सक्नेछ।

(४) कुनै पनि आयोजनाको सम्बन्धमा थप विवरण अध्ययन गर्न आवश्यक देखिएमा सानिसा समितिले सोही व्यहोरा कार्यपालिकामा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम कार्यपालिकाबाट आयोजना स्वीकृत भएमा सानिसा समितिले सर्वसाधारणको जानकारीको लागि सोको सूचना प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद–३

## आयोजनाको खरिद प्रक्रिया सम्बन्धी व्यवस्था

**६. मनसाय पत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने :**

(१) सानिसा इकाईले आयोजनाको मनसाय पत्र आव्हान गर्नु अघि देहायका विवरण तथा कागजातहरु तयार गरी राख्नु पर्नेछ :-

(क) आयोजनाको संक्षिप्त विवरण,

(ख) आयोजनाको न्यूनतम डिजाइन सम्बन्धी अवधारणा,

(ग) आयोजनाको सञ्चालन र व्यवस्थापन सम्बन्धी विधि,

(घ) आयोजना कार्यान्वयन गर्न लगानीकर्ताको योग्यता र आवश्यकता,

(ङ) आयोजनाको सर्वेक्षण वा अन्य कुनै किसिमको अध्ययन भएको भए सोको संक्षिप्त विवरण,

(च) मनसाय पत्र तथा प्रस्ताव मूल्यांकनका विस्तृत आधार,

(छ) आयोजना कार्यान्वयनको लागि प्रस्तावकसंग गरिने सम्झौताका मुख्य शर्त,

(ज) आयोजना कार्यान्वयन गर्दा दिईने सुविधा र सहुलियत सम्बन्धी विवरण ,

(झ) सानिसा इकाईले आवश्यक ठानेका अन्य विवरण।

७. **मनसाय पत्र आव्हान गर्नु पर्ने :**

(१) सानिसा इकाईले खरिद प्रक्रियाका चरणहरु पुरा गरि राष्ट्रिय र स्थानीय पत्रिकामा मनसाय पत्र आव्हान गर्दा देहायका कुराहरु खुलाई दश दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ :-

(क) आयोजनाको संक्षिप्त विवरण,

(ख) कुन तरिकाबाट आयोजना कार्यान्वयन गरिने हो सो कुराको जानकारी,

(ग) मनसाय पत्र पेश गर्ने व्यक्तिको नाम र ठेगाना,

(घ) मनसायपत्र पेश गर्ने व्यक्तिको आर्थिक र प्राविधिक क्षमता,

(ङ) मनसायपत्र पठाउँनु पर्ने तरिका, अन्तिम मिति, समय र स्थान,

(च) मनसाय पत्र खोल्ने मिति, समय र स्थान,

(छ) मनसायपत्र छनौट हुने आधार,

(ज) मनसाय उपर निर्णय गर्ने अनुमानित मिति,

(झ) सानिसा इकाईले आवश्यक ठानेको अन्य आवश्यक विवरण।

८. **मनसाय पत्र पेश गर्नु पर्ने :**

(१) दफा ७ बमोजिम मनसाय पत्र आव्हान गरिएकोमा मनसाय पत्र पेश गर्न चाहाने व्यक्तिले देहायका विवरण खुलाई सो कागजातमा उल्लेख भए बमोजिमका विवरणहरु भरी सानिसा इकाई समक्ष दफा ७ को उपदफा १ बमोजिमको अवधि भित्र मनसाय पत्र पेश गर्नुपर्नेछ :-

(क) मनसाय पत्र पेश गर्ने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण,

(ख) मनसाय पत्र पेश गर्ने व्यक्तिको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता र अनुभव,

(ग) आयोजना कार्यान्वयन सम्बन्धि व्यवसायिक योजना,

(घ) सानिसा इकाईले तोकेको अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्दा सिलबन्दी गरी मनसायपत्र पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम मनसाय पत्र पेश गर्ने व्यक्तिले मनसायपत्रको साथमा दस्तुर बाप्त पाँच हजार रुपैयाँ सानिसा इकाइलाई बुझाउँनु पर्नेछ।

(४) सानिसा इकाईले उपदफा (१) बमोजिम प्राप्त भएको मनसाय पत्र दर्ता गरी त्यसको निस्सा मनसाय पत्र पेश गर्ने व्यक्तिलाई दिनुपर्नेछ।

९. **मनसाय पत्र पेश गर्ने व्यक्ति छनौट गर्ने** :

(१) सानिसा इकाईले मनसायपत्र पेश गर्ने व्यक्ति छनौट गर्दा त्यस्तो व्यक्तिको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको आधारमा गर्नेछ।

(२) सानिसा इकाईले मनसायपत्र पेश गर्न दिएको म्याद समाप्त भएको मितिले सात दिन भित्र मनसाय पत्र छनोट गर्नुपर्नेछ।

१०. **मनसाय पत्र छनौटको आधार** :

(१) मनसाय पत्र छनोटका लागि कूल एकसय अंकलाई पूर्णंक मानि सो अंकलाई देहायको आधारमा विभाजन गरिनेछ :-

(क) प्राविधिक क्षमता वापत - पैचालिस अंक

(ख) आर्थिक क्षमता वापत - तीस अंक

(ग) अनुभव वापत - बीस अंक

(घ) स्थानीय - पाँच अंक

(२) उपदफा (१) बमोजिमको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको मूल्यांकन देहायका आधारमा गरिनेछ :-

(क) मनसाय पत्र पेश गर्ने व्यक्तिको प्राविधिक क्षमताको मूल्यांकन गर्दा सो योजनाको कार्यान्वयनको लागि कुनै यन्त्र, उपकारण वा जनशक्ति चाहिने भए सो व्यक्तिसंग त्यस्तो यन्त्र, उपकरण वा जनशक्ति भए वा नभएको,

(ख) मनसाय पत्र पेश गर्ने व्यक्तिको आर्थिक क्षमता मूल्यांकन गर्दा सो व्यक्तिसंग आयोजनाको सर्वेक्षण, सञ्चालन तथा मर्मत सम्भारको लागि आवश्यक आर्थिक क्षमता भएको वा नभएको र मनसाय पत्र पेश गर्ने कम्पनी भए कम्पनीको सम्पतिबाट आयोजनाको लागि व्यहोरने रकम वा ऋण लिने भए के कति रकम कुन प्रक्रियाबाट ऋण लिन प्रस्ताव गरिएको छ सो सम्बन्धि विषय ,

(ग) मनसाय पत्र पेश गर्ने व्यक्तिको अनुभवको मूल्यांकन गर्दा सो व्यक्तिले आयोजना कार्यान्वयनको लागि उस्तै प्रकृतिको अन्य आयोजन कार्यान्वयन गरे वा नगरेको अनुभव।

(३) दफा (२) बमोजिम गरिएको मूल्यांकनबाट कम्तिमा साठी अंक प्राप्त गर्ने मनसाय पत्र पेश गर्ने व्यक्तिहरु छनौट गरिनेछ। त्यसरी मूल्यांकन गर्दा साठी अंक प्राप्त गर्ने कम्तिमा दुई जना व्यक्ति छनौट हुन नसकेमा कम्तिमा पचास अंक प्राप्त गर्ने अन्य व्यक्तिहरु पनि छनौट गरिनेछ।

(४) दफा (२) बमोजिम प्रस्ताव मूल्यांकन तथा विश्लेषण गर्दा आवश्यक देखिएमा सानिसा इकाइले विशेषज्ञको सहयोग लिन सक्नेछ।

११. **पुनः मनसाय पत्र आव्हान गर्ने** :

(१) दफा ७ बमोजिम मनसाय पत्र आव्हान गर्दा एउटा मात्र मनसाय पत्र प्राप्त भएमा वा दफा १० को उपदफा (३) बमोजिम मूल्यांकन गर्दा मनसाय पत्र पेश गर्ने कम्तिमा दुई जना व्यक्ति छनौट हुन नसकेमा सानिसा इकाईले दफा ७, दफा ८, दफा ९, बमोजिमको प्रक्रिया पुरा गरी पुनः मनसायपत्र आव्हान गर्नुपर्नेछ।

(२) दफा (१) बमोजिम मनसाय पत्र आव्हान गर्दा दफा १० को उपदफा (३) बमोजिम छनौट भएका व्यक्तिलाई निजले चाहेमा कायमै राखिनेछ।

१२. **संक्षिप्त सूची तयार गर्ने** :

(१) दफा ९ बमोजिम मनसाय पत्र पेश गर्ने व्यक्तिहरु छनौट गरेपछि सानिसा इकाईले छनोट भएको अर्को कार्यदिन सोको संक्षिप्त सूची तयार पार्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची तयार पार्दा आवश्यक देखेमा सानिसा इकाईले सम्बन्धित विषयमा विज्ञको सहयोग लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम संक्षिप्त सूची तयार गरेको दुई दिन भित्र सानिसा इकाईले त्यस्तो सूचीमा परेका व्यक्तिलाई सोको लिखित जानकारी गराउँनु पर्नेछ।

१३. **प्रस्ताव आव्हान गर्ने** :

(१) सानिसा इकाईले दफा १२ को उपदफा (१) बमोजिमको संक्षिप्त सूचीमा समावेश भएका व्यक्तिहरुबाट प्रतिस्पर्धाका आधारमा आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायका कुराहरु खुलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई दफा ३९ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी आयोजना कार्यान्वयनको प्रस्ताव आव्हान गर्नुपर्नेछ :-

(क) प्रस्ताव सम्बन्धी कागजात भए सो खरिद गर्ने ठाउँ र सोको दस्तुर,

(ख) प्रस्ताव पठाउँने तरिका,

(ग) प्रस्ताव बुझाउँने ठाउँ र मिति,

(घ) प्रस्ताव बुझाउँने अन्तिम मिति,

(ङ) प्रस्ताव खोलिने ठाउँ र मिति,

(च) प्रस्ताव उपर निर्णय गरिने अनुमानित मिति,

(छ) प्रस्ताव मूल्यांकन र छनौट गर्ने आधार,

(ज) प्रस्तावको प्राविधिक र आर्थिक पक्षको मूल्यांकनको अंकभार,

(झ) प्राविधिक प्रस्ताव मूल्यांकन गरे पछि मात्र आर्थिक प्रस्ताव खोलिने कुरा,

(ञ) अन्य आवश्यक विषय।

१४. **प्रस्ताव पेश गर्नु पर्ने** :

(१) दफा १३ बमोजिम प्रस्ताव आव्हान गरिएकोमा दफा १२ बमोजिम सूचीकृत भएका व्यक्तिले देहायको विवरण खुलाई त्यस्तो आव्हानमा दफा १३ को उपदफा (१) बमोजिमको अवधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) आयोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) आयोजनाको अनुमानित लागत,

(ग) आयोजनाको प्रस्तावित वित्तीय स्रोत,

(घ) आयोजना कार्यान्वयनको कार्ययोजना र समय तालिका,

(ङ) आयोजना कार्यान्वयन भए पछि उपभोक्ताबाट कुनै महसुल असुल गर्ने भए अनुमानित महसुलको विवरण,

(च) आयोजना कार्यान्वयन वाप्त सरकारलाई कुनै रोयल्टी बुझाउँनु पर्ने भए त्यस्तो रोयल्टी वा शुल्कको अनुमानित विवरण,

(छ) सूचनामा माग गरिएको अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा सानिसा इकाईको छाप र सम्बन्धित अधिकारीको दस्तखत भएको प्रस्ताव सम्बन्धी कागजात खरिद गरी सो कागजातमा उल्लेख भए बमोजिमका विवरण गरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी ती दुबै खामलाई अर्को खाममा राखी पुनः सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्ताव पेश गर्दा प्रस्ताव पेश गर्ने व्यक्तिले प्रस्ताव पत्रको साथमा दस्तुर वापत तीन हजार रुपैयाँ सानिसा इकाईलाई बुझाउँनु पर्नेछ। प्रस्ताव छनौट नभएमा प्रस्ताव पत्रको साथमा पेश गरेको दस्तुर प्रस्तावलाई फिर्ता हुने छैन।

१५. **मनसाय पत्र वा प्रस्ताव आव्हानको सूचना संशोधन गर्न सकिने :**

(१) दफा ७ र दफा १३ बमोजिम सार्वजनिक गरिएको मनसाय पत्र र प्रस्ताव आव्हानको सूचनामा उल्लेखित कुनै विवरण संशोधन गर्न परेमा दफा ३९ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो विवरण संशोधन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम विवरण संशोधनको सूचना प्रकाशन गर्दा मनसाय पत्र वा प्रस्ताव पेश गर्ने अवधिमा सात दिन थप हुने गरी सूचना प्रकाशन गर्नुपर्नेछ।

१६. **प्रस्ताव मूल्यांकनको आधार र छनौट प्रक्रिया :**

(१) दफा १४ बमोजिम पेश भएको प्रस्ताव बुझाउँनु पर्ने म्याद सकिएको दुई दिन भित्र प्रस्ताव मूल्यांकन समितिले प्राविधिक प्रस्ताव खोल्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खोलिएको प्रस्ताव र प्रस्ताव मूल्यांकन समितिले मूल्यांकन गर्नुपर्नेछ। प्रस्तावको मूल्यांकन गर्दा पहिले प्राविधिक प्रस्ताव मात्र खोली देहायका आधारमा त्यसको मूल्यांकन गरी कम्तिमा साठी प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावकहरुलाई छनौट गर्नुपर्नेछ :-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता र अनुभव तथा जनशक्तिको कार्यदक्षता र अनुभव,

(ग) आयोजना कार्यान्वयन सम्बन्धी संगठनात्मक व्यवस्था तथा कार्यान्वयन कार्यतालिका,

(घ) आयोजनाको इन्जिनियरिङ्ग डिजाईन,

(ङ) आयोजना कार्यान्वयन गर्ने वित्तीय स्रोत व्यवस्था तथा सो सम्बन्धी योजना,

(च) प्रस्ताव आव्हान पूर्व सानिसा समितिले निर्धारण गरेका अन्य आधारहरु।

(३) उपदफा (१) बमोजिम प्राविधिक प्रस्ताव छनौट गर्दा प्राविधिक प्रस्ताव खोलिएको मितिले पाँच दिन भित्र छनौट गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरेपछि प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्तावको प्रस्तावकलाई सूचना दिनुपर्नेछ । त्यसरी प्रस्ताव खोलिने मिति तोक्दा प्राविधिक प्रस्ताव छनौट गरेको मितिले बढीमा तीन दिनभित्र हुने गरी तोक्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम छनौटमा नपरेका प्राविधिक प्रस्तावका प्रस्तावकलाई आर्थिक प्रस्ताव फिर्ता लिन आउन सानिसा इकाईले सूचना दिनुपर्नेछ । त्यसरी सूचना दिएको मितिले तीन दिन भित्र आर्थिक प्रस्ताव फिर्ता लिन आएमा सानिसा इकाईले सम्बन्धित प्रस्तावकलाई सो प्रस्ताव फिर्ता दिनुपर्नेछ ।

(६) उपदफा (४) बमोजिमको मिति, समय र स्थानमा सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

(७) प्रस्ताव खोल्दा प्रस्ताव रीतपूर्वक दाखिला भए वा नभएको सो स्पष्ट हुने गरी मुचुल्का खडा गरी उपस्थित प्रस्तावक वा निजको प्रतिनिधिको सहीछाप गराउँनु पर्नेछ ।

(८) यस कार्यविधि बमोजिम रीत नपुऱ्याई पेश भएको मनसाय पत्र वा प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

(९) उपदफा (२) बमोजिमको प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्ताव देहायको आधारमा मूल्यांकन गर्नु पर्नेछ :-

(क) आयोजना कार्यान्वयनको दिगोपना,

(ख) आयोजना कार्यान्वयनको व्यवसायिक योजना,

(ग) आयोजनाको अनुमानित लागत,

(घ) आयोजनाको प्रस्तावित वित्तीय स्रोत,

(ङ) वातावरणीय रुपमा न्यून क्षति पुऱ्याउँने आयोजना,

(च) आयोजनाले लिने सेवा शुल्कको दर,

(छ) प्रस्ताव आव्हानको सूचना जारी गर्दा सानिसा इकाईले माग गरेका अन्य आर्थिक आधार ।

(१०) उपदफा (९) बमोजिम आर्थिक प्रस्ताव मूल्यांकन गरी कम्तिमा साठी प्रतिशत अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको आर्थिक प्रस्ताव छनौट गर्नुपर्नेछ । आर्थिक प्रस्ताव खोलेको मितिले पाँच दिन भित्र सो प्रस्ताव छनौट गर्नुपर्नेछ ।

(११) उपदफा (२) बमोजिम प्राविधिक प्रस्तावमा प्राप्त अंक र उपदफा (१०) बमोजिम आर्थिक प्रस्तावमा प्राप्त अंकलाई जोडी सबै भन्दा बढी अंक प्राप्त गर्ने व्यक्तिको प्रस्ताव छनौटको लागि प्रस्ताव मूल्यांकन समितिले आर्थिक प्रस्ताव छनौट गरेको तीन दिन भित्र सानिसा इकाई समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

(१२) उपदफा (११) बमोजिम सिफारिस गर्दा उपयुक्त देखिएका अन्य प्रस्तावलाई समेत प्राथमिकता क्रम तोकी वैकल्पिक प्रस्तावको रुपमा सिफारिस गर्नुपर्नेछ।

(१३) दफा (११) बमोजिम पेश भएको मूल्यांकन प्रतिवेदनको आधारमा प्रतिवेदन प्राप्त भएको मितिले बढीमा बाह्र दिन भित्र सानिसा इकाईले प्रस्ताव छनोट सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(१४) सानिसा इकाईले प्रस्ताव छनोट गर्दा आयोजनाको प्राविधिक विषयसंग सम्बन्धी विशेषज्ञहरुको राय लिनुपर्ने भएमा त्यस्तो राय लिन सक्नेछ।

(१५) उपदफा (१३) बमोजिम सानिसा इकाईले प्रस्ताव छनौट सम्बन्धि निर्णय गरेपछि, उक्त निर्णय भएको मिति देखि बढीमा सात दिन भित्र प्रस्तावक र सानिसा इकाई बीच समभ्रुदारी पत्र गर्नुपर्नेछ।

१७. **सोभ्रै प्रस्ताव आव्हान गर्न सक्ने** :

(१) सम्भाव्यता अध्ययन भईसकेको वा तोकिए बमोजिम भन्दा कम लागतको आयोजना भए सानिसा इकाईले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएको कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सोभ्रै प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सोभ्रै प्रस्ताव आव्हान गर्दा उक्त सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनको म्याद दिई आयोजनाको संक्षिप्त विवरण सहित दफा १३ को उपदफा (१) बमोजिमको विवरण खुलाई दफा ३९ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव आव्हान भएकोमा आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले दफा १४ बमोजिम विवरण खुलाई त्यस्तो आव्हानमा उल्लेखित अवधि भित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ।

(४) यस दफा बमोजिमको आयोजनाको हकमा आयोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न आवश्यक पर्ने छैन।

(५) सोझै प्रस्ताव आव्हान गर्ने आयोजनाको प्रस्ताव आव्हान सम्बन्धी सूचना संशोधन गर्ने तथा स्वीकृत गर्ने कार्यविधि दफा १४ बमोजिम हुनेछ।

## परिच्छेद-४

## वार्ताद्वारा आयोजना कार्यान्वयन गर्ने सम्बन्धी व्यवस्था

**१८. वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सकिने :**

(१) वार्ताबाट आयोजना कार्यान्वयन देहायका अवस्थामा गर्न सक्नेछ :-

(क) कम्तीमा दुई पटक मनसाय पत्र वा प्रस्ताव आव्हान गर्दा पनि आवश्यक संख्यामा मनसाय पत्र वा प्रस्ताव छनौट हुन नसकेको, वा

(ख) आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको, वा

(ग) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(घ) स्थानीय सामुदायिक संघ संस्थाबाट कार्यान्वयन गरिने तोकिएको रकमसम्म अनुमानित आयोजना लागत भएको, वा

(ङ) निजी लगानीकर्ताबाट कुल लागत २ अर्ब भन्दा बढि भएको सोझै प्राप्त भएको प्रस्ताव वा आयोजना।

(२) उपदफा (१) को अवस्थामा देहाय बमोजिमको विवरण खुलाई सानिसा समिति समक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ :-

(क) वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिको विवरण,

(ख) कार्यान्वयन गर्न चाहेको आयोजनाको नाम, तरिका र संक्षिप्त विवरण,

(ग) आयोजनाको उपादेयता र सम्भाव्यता सम्बन्धी विवरण,

(घ) निवेदकको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक, प्राविधिक हैसियत तथा अनुभव सम्बन्धी विवरण,

(ङ) आयोजनाको प्रस्तावित वित्तीय स्रोत,

(च) आयोजना कार्यान्वयन भएपछि उपभोक्ताबाट असुल गर्ने अनुमानित महसुलको विवरण,

(छ) वार्ताद्वारा आयोजना कार्यान्वयन गर्नुको कारण,

(ज) अन्य आवश्यक विवरण।

(३) उपदफा (२) बमोजिम विवरण प्राप्त गरेको मितिले सात दिन भित्र सानिसा समितिले मूल्यांकनका लागि प्रस्ताव मूल्यांकन समिति समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त गरेको विवरण जाँचबुझ गर्दा प्रस्तावित आयोजनाको उपादेयता र सम्भाव्यता तथा निवेदकको आयोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता देखिएमा प्रस्ताव मूल्यांकन समितिले आफ्नो राय सहितको प्रतिवेदन उपदफा (३) बमोजिम विवरण प्राप्त गरेको सात दिन भित्र सानिसा समिति समक्ष पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त राय सहितको प्रतिवेदनको आधारमा सानिसा समितिले प्रस्तावित आयोजनाको विवरणलाई मूल्यांकन गरी आयोजना कार्यान्वयन गर्न उपयूक्त हुने वा नहुने सो सम्बन्धमा उपदफा (२) बमोजिम निवेदन प्राप्त भएको पन्ध्र दिन भित्र निर्णय गर्नुपर्नेछ।

(६) उपदफा (३) र (४) मा जुनसुकै करा लेखिएको भएता पनि १ करोड रुपैयाँ भन्दा बढी अनुमानित आयोजना लागत भएको, सम्भाव्यता न्यून परिपूर्ति कोष वा अन्य कुनै सरकारी अनुदान वा आर्थिक सहयोग आवश्यक भएको, अन्य स्थानीय सरकार, प्रदेश सरकार वा संघीय सरकारसंगको साझेदारी वा सहभागितामा कार्यान्वयन गरिने आयोजनाहरु, आयोजनाको प्रकृति वा लागतको कारण प्रतिष्पर्धा हुन सक्ने सम्भावना नभएको र नयाँ अवधारणा वा प्रविधि समावेश भएका आयोजनाहरु वार्ताद्वारा कार्यान्वयन गर्ने भए प्रस्ताव प्राप्त गरेको पैचालिस दिन भित्र सानिसा समितिले प्रस्ताव मूल्यांकन समितिको राय सहितको प्रतिवेदन, आफ्नो राय र निवेदकले पेश गरेको विवरण सहित कार्यपालिका समक्ष स्वीकृतिका लागि पठाउँनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको राय र विवरण जाँचबुझ गर्दा वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न मनसिब देखिएमा कार्यपालिकाले सानिसा समितिको राय प्राप्त गरेको एक्काईस दिन भित्र प्रस्ताव उपर निर्णय गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिम सानिसा समितिले निर्णय गरेपछि उक्त निर्णय भएको मितिले बढीमा पन्ध्र दिन भित्र प्रस्तावक र सानिसा इकाई बिच समझदारी पत्र गर्नुपर्नेछ।

**१९. वार्ताद्वारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नुपर्नेछ। यदि कुनै व्यक्तिले सम्भाव्यता अध्ययन गर्न इच्छुक भएमा सानिसा समिति समक्ष देहाय बमोजिमको विवरण समावेश गरी निवेदन दिनुपर्नेछ :-

(क) सम्भाव्यता अध्ययन गर्न इच्छुक व्यक्तिको विवरण,

(ख) सम्भाव्यता अध्ययन गर्न चाहेको आयोजनाको संक्षिप्त विवरण,

(ग) सम्भाव्यता अध्ययन गर्न सक्ने आर्थिक, प्राविधिक हैसियत तथा अनुभव सम्बन्धी विवरण,

(घ) वार्ताद्वारा सम्भाव्यता अध्ययन गर्नुको कारण,

(ङ) अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गरी विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिब देखिएमा सानिसा समितिले निवेदकसंग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न निवेदन प्राप्त भएको तीस दिन भित्र अनुमति दिनुपर्नेछ।

**२०. आयोजनाको विवरण पेश गर्ने :**

(१) सानिसाले आयोजना कार्यान्वयन गर्न उपयूक्त देखिएमा समझदारी पत्र वा प्रारम्भिक आयोजना सम्झौता अनुसारको समयावधि भित्र कार्यान्यन गर्न आयोजनाको प्रकृति हेरी दुई सय सत्तरी दिनमा नबढने गरी प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु सानिसा इकाई समक्ष पेश गर्नुपर्नेछ :-

(क) आयोजनाको विवरण,

(ख) आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन,

(ग) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन,

(घ) आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय मूल्यांकन प्रतिवेदन,

(ङ) आयोजना चरणवद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) आयोजना कार्यान्वयन गर्ने तरिका,

(छ) आयोजना कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) आयोजना कार्यान्वयन संस्थागत व्यवस्था,

(झ) आयोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिइने प्रस्तावित शुल्क वा महसुल,

(ञ) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसंग कुनै सम्झौता गरेको भए सोको विवरण,

(ट) आयोजना सञ्चालन गर्दा सरकारलाई बुझाउँनु पर्ने प्रस्तावित रोयल्टी,

(ठ) अगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,

(ड) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ढ) आयोजना कार्यान्वयन हुने क्षेत्र,

(ण) आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था,

(त) आवश्यक अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणका आधारमा प्रस्तावकसंग सम्झौता गर्न उपयूक्त देखिएमा सानिसा समितिले प्रस्तावकसंग विवरण प्राप्त गरेको दश दिनभित्र वार्ता गर्ने सम्बन्धमा निर्णय गर्नुपर्दछ ।

२१. **आयोजनाको विवरण पेश गर्ने अवधि थप गर्ने** :

(१) दफा २० बमोजिमको अवधि भित्र प्रस्तावकले सो विवरण पेश गर्न नसक्ने कुनै मनासिब कारण देखाई समयवधि थपको लागि सासिा समिति समक्ष निवेदन पेश गरेमा आयोजनाको प्रकृति हेरी सानिसा समितिले बढीमा नब्बे दिनको समयावधि थप गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र पनि प्रस्तावकले दफा २० को उपदफा (१) खण्ड (ख),(ग) र (घ) बोजिमको विवरण पेश गर्न नसक्ने कारण देखाई सानिसा समिति समक्ष दिएको निवेदन जाँचबुझ गर्दा सो मनासिब देखिएमा सानिसा समितिले कुनै खास आयोजनाको हकमा त्यस्तो प्रस्तावकलाई सम्झौता भएपछि सो विवरण पेश गर्न पाउँने गरी छुट दिन सक्नेछ ।

## परिच्छेद-५

## न्यून लागत भएका आयोजना कार्यान्वयन गर्ने सम्बन्धी विशेष व्यवस्था

**२२. न्यून लागत भएका आयोजनाको प्रस्ताव मूल्यांकन र छनौट प्रक्रिया :**

(१) यसा कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैयाँ भन्दा कम अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्नका लागि सानिसा इकाईले आयोजनाहरुको विवरण सहित दफा १३ को उपदफा (१) बमोजिमको विवरण खुलाई सोझै प्रस्ताव आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान गर्दा उक्त सूचना प्रकाशन भएको मितिले बढीमा चौध दिनको म्याद दिई दफा ३९ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान भएकोमा आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले दफा १४ को उपदफा (१) बमोजिमको विवरण खुलाई उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र सानिसा इकाई समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ। यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले विवरण साथ सानिसा इकाईलाई दुई हजार रुपैयाँ दस्तुर बाप्त बुझाउँनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव बुझाउँनु पर्ने म्याद सकिएको अर्को कार्य दिन भित्र प्रस्ताव मूल्यांकन समितिले प्रस्ताव खोल्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रस्तावहरुको मूल्यांकन गर्दा पहिले प्राविधिक प्रस्ताव मात्र खोली प्रस्ताव खोलिएको पाँच दिन भित्र कम्तीमा साठी प्रतिशत अंक प्राप्त गर्न सफल प्राविधिक प्रस्तावको छनौट गर्नुपर्नेछ। प्राविधिक प्रस्ताव छनौट भए पश्चात सम्भव भए सोही दिन र सम्भव नभएमा त्यसको अर्को कार्य दिन भित्र आर्थिक प्रस्ताव खोल्नु पर्नेछ।

(६) आर्थिक प्रस्ताव खोलिएको पाँच दिन भित्र कम्तीमा साठी प्रतिशत अंक प्राप्त गर्न सफल प्रस्तावकको प्रस्ताव छनोट गर्नुपर्नेछ।

(७) उपदफा (५) बमोजिम प्राविधिक प्रस्तावमा प्राप्त अंक र उपदफा (५) बमोजिम आर्थिक प्रस्तावमा प्राप्त अंकलाई जोडी सबै भन्दा बढी अंक प्राप्त गर्ने व्यक्तिको

प्रस्ताव छनौटको लागि प्रस्ताव मूल्यांक्न समितिले आर्थिक प्रस्ताव छनोट सम्बन्धी निर्णय गरेको तीन दिनभित्र सानिसा इकाई समक्ष सिफारिस सहितको प्रतिवेदन पेश गुर्नपर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस गर्दा उपयूक्त देखिएका अन्य प्रस्तावलाई समेत प्राथमिकता क्रम तोकी वैकल्पिक प्रस्तावको रुपमा सिफारिस गर्नुपर्नेछ।

(९) न्यून लगानी भएको आयोजनाको प्राविधिक प्रस्ताव तथा आर्थिक प्रस्ताव मूल्यांकन गर्दा क्रमशः दफा १६ को उपदफा (२) र (९) मा उल्लेख गरेको आधारमा मूल्यांकन गर्नुपर्नेछ।

(१०) उपदफा (६) बमोजिम सानिसा इकाईले प्रस्ताव छनोट सम्बन्धी निर्णय गरेपछि उक्त निर्णय भएको मितिले बढीमा सात दिन भित्र प्रस्तावक र सानिसा इकाई बीच समझदारी पत्र गर्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम प्रस्तावकको प्रस्ताव छनोट नभएमा उपदफा (३) बमोजिम पेश गरेको दस्तुर प्रस्तावकलाई फिर्ता गरिने छैन।

२३. **अनुमानित रकम एक करोड रुपैयाँ भन्दा कम लागत भएका आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्था** :

(१) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँ भन्दा कम अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्नका लागि सानिसा इकाईले दफा ७ को उपदफा (१) बमोजिमको मनसायपत्र तथा दफा १२ को उदफा (१) बमोजिमको प्रस्ताव सम्बन्धी विवरणको सूचना एकैपटक आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव आव्हान गर्दा उक्त सूचना प्रकाशन भएको मितिले बढीमा दश दिनको म्याद दिई नियम ३९ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव आव्हान भएकोमा आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले माग भएको मनसाय पत्र र प्रस्ताव सम्बन्धी कागजात छुट्टाछुट्टै खाममा उपदफा (२) बमोजिमको म्याद भित्र पेश गर्नुपर्नेछ। यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आयोजना कार्यान्वयन गर्न इच्छुक

व्यक्तिले विवरण साथ एक हजार रुपैयाँ दस्तुरका रुपमा बुझाउँनु पर्नेछ। प्रस्तावकको प्रस्ताव छनोट हुन नसकेमा प्रस्तावकले पेश गरेको दस्तुर फिर्ता गरिने छैन।

(४) प्राप्त मनसाय पत्र तथा प्रस्तावको छनौट गर्दा दफा ११ र १६ मा उल्लेखित आधारमा गर्नुपर्नेछ।

(५) यस दफा बमोजिमको आयोजना कार्यान्वयन सम्बन्धमा पनि कार्यविधिमा उल्लेखित व्यवस्थाहरुको पालना गर्नुपर्नेछ।

## परिच्छेद–६

## सोझै प्राप्त हुने प्रस्ताव कार्यान्वयन सम्बन्धी व्यवस्था

२४. **सोझै प्राप्त हुने प्रस्ताव कार्यान्वयन गर्न सकिने** :

(१) बमोजिम कुनै आयोजनाको प्रस्ताव सानिसा समिति समक्ष सोझै पेश भएमा सानिसा समितिले त्यस्तो प्रस्ताव चौध दिन भित्र पुनरावलोकन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव आकर्षक र लाभदायी भएमा त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकलाई प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्न एक्काइस दिनको म्याद दिई पेश गर्न लगाउँनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन अध्ययन गर्दा आयोजनाबाट सार्वजनिक हितहुने देखिएमा प्रारम्भिक सम्भाव्यता अध्ययन प्रतिवेदन पेश भएको सात दिन भित्र सानिसा समितिले कार्यपालिकाको सैद्धान्तिक सहमतिका लागि पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम कार्यपालिका समक्ष सैद्धान्तिक सहमतिका लागि अध्ययन प्रतिवेदन पेश भएमा बढीमा एकाईस दिन भित्र कार्यपालिकाले सो सम्बन्धमा सैद्धान्तिक सहमति सम्बन्धी निर्णय गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाको सैद्धान्तिक सहमति प्राप्त गरे पश्चात आयोजना कार्यान्वयनको लागि यस दफा १४ को उपदफा (१) बमोजिमको विवरण पेश हुने गरी प्रस्ताव आव्हान गर्नुपर्नेछ।

(६) प्रस्तावकले उपदफा (५) बमोजिम प्रस्ताव आव्हान भएको मितिले पन्ध्र दिन भित्र आवश्यक विवरण पेश गर्नुपर्नेछ।

(७) सोझै प्राप्त हुने प्रस्तावको छनौट गर्दा दफा १६ मा उल्लेखित प्रस्ताव मूल्यांकन तथा छनोट प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

२५. **स्थानीय समुदायबाट कार्यान्वयन गरिने आयोजना** :

(१) कुनै स्थानीय सामुदायिक संघ संस्थाले पाँच लाख रुपैयाँ सम्म अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्न चाहेमा सानिसा समिति समक्ष आयोजना कार्यान्वयनका लागि सोझै प्रस्ताव पेश गर्न सक्नेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँच लाख रुपैयाँ सम्म अनुमानित लागत भएको आयोजना कार्यान्वयन गर्न इच्छुक व्यक्तिले उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावका साथ पाँच सय रुपैयाँ दस्तुर बुझाउँनु पर्नेछ। प्रस्तावकको प्रस्ताव छनौट हुन नसकेमा प्रस्तावकले पेश गरेको दस्तुर फिर्ता गरिने छैन।

(३) उपदफा (१) बमोजिमको आयोजना कार्यान्वयन गर्न उपयुक्त भएमा सानिसा समितिले सोझै वार्ता मार्फत सम्बन्धित स्थानीय सामुदायिक संस्थासंग आयोजना कार्यान्वयन गर्न प्रस्ताव पेश भएको बढीमा पन्ध्र दिन भित्र आयोजना कार्यान्वयन सम्बन्धी सम्झौता गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको आयोजना कार्यान्वयन गर्न सानिसा समितिलाई यस कार्यविधि बमोजिम मनसायपत्र तथा प्रस्ताव आव्हान गर्न आवश्यक पर्ने छैन।

## परिच्छेद-७

## आयोजनाको अनुमतिपत्र सम्बन्धी व्यवस्था

२६. **अनुमति पत्र प्रदान गर्ने** :

(१) सम्झौता अनुसार बाह्र दिन भित्र सम्बन्धित प्रस्तावकले सम्झौताको प्रतिलिपि सहित अनुमति पत्र प्राप्त गर्नका लागि सानिसा इकाईमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) सानिसा इकाईले उपदफा (१) बमोजिम निवदेन पेश गरेको दुई दिन सम्ममा अनुसूची-३ बमोजिमको ढाँचामा आयोजना लगानीको अनुमतिपत्र प्रदान गर्नुपर्नेछ।

२७. **अनुमति पत्रको अवधि :**

(१) अनुमतिपत्रको अवधि बढीमा चालिस वर्षको हुनेछ।

(२) सानिसा इकाईले अनुमतिको अवधि तोक्दा दफा २८ मा उल्लेखित आधारलाई मध्य नजर गरी अनुमतिपत्रको अवधि निर्धारण गर्नुपर्नेछ।

२८. **अनुमति पत्रको अवधि निर्धारणका आधार :**

(१) अनुमतिपत्रको अवधि देहायका आधारमा निर्धारण गरिनेछ :-

(क) आयोजनाको प्रकृति,

(ख) आयोजनाको लागत,

(ग) अनुमति पत्र प्राप्त व्यक्तिले आयोजना सञ्चालन गर्दा उठाउन पाउँने शुल्क,

(घ) अनुमति प्राप्त व्यक्तिले सरकारलाई बुझाउनु पर्ने कर, रोयल्टी वा अन्य प्रकारको रकम,

(ङ) आयोजना सञ्चालनबाट अनुमति प्राप्त व्यक्तिले प्राप्त गर्न सक्ने मनासिब मुनाफा,

(च) आयोजना निर्माण गर्न लाग्ने कुल अवधि तथा अनुमति प्राप्त व्यक्तिले शुल्क उठाई आयोजना सञ्चालन गर्न पाउँने अवधि,

(छ) आयोजनाको वित्तिय स्रोत,

(ज) आयोजनामा सरकारले संयुक्त लगानी गरे नगरेको कुरा,

(झ) अन्य आवश्यक कुराहरु

## परिच्छेद-८

## सानिसा समिति तथा सानिसा इकाईको बैठक सम्बन्धि व्यवस्था

२९. **सानिसा समितिको बैठक सम्बन्धी व्यवस्था :**

(१) सानिसा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ

(२) सानिसा समितिको बैठक सानिसा समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नु पर्नेछ।

(३) उदफा (२) बमोजिमको बैठक सम्बन्धी सूचना सदस्य सचिवले कम्तीमा चौबिस घन्टा अगावै नै समितिको प्रत्येक सदस्यलाई लिखित रुपमा दिनुपर्नेछ। प्रमुख

प्रशासकीय अधिकृतले सानिसा समितिको सदस्य सचिवको हैसियतमा कार्य गर्नुपर्नेछ।

(४) सानिसा समितिको एक तिहाई सदस्यहरुले सानिसा समितिको बैठकको लागि लिखित माग गरेमा सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई बैठक बोलाउँनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सूचना दिंदा बैठकको कार्यसूची समेत उपलब्ध गराउँनु पर्नेछ।

(६) सानिसा समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सानिसा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ।

(७) बैठकको अध्यक्षता सानिसा समितिको अध्यक्षले गर्नुपर्नेछ। तर अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नु पर्नेछ। उपाध्यक्ष पनि अनुपस्थित भएको खण्डमा सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले त्यस बैठकको अध्यक्षता गर्नुपर्नेछ।

(८) सानिसा समितिको बैठकमा बहुमत सदस्यको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनुपर्नेछ।

(९) सानिसा समितिको निर्णयलाई सदस्य सचिवले निर्णय पुस्तिकामा सदस्यहरुको उपस्थिति जनाई अभिलेख गर्नुपर्नेछ।

(१०) सानिसा समितिको बैठक सम्बन्धी अन्य कुरा बैठकले तोके बमोजिम हुनेछ।

३०. **जानकारी गराउँनु पर्ने :**

(१) मनोनित सदस्यले निजले भाग लिने पहिलो बैठक वा निज मनोनयन भएको पन्ध्र दिन मध्ये जुन पहिलो हुन्छ सो अवधिभित्र देहायका विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत समितिमा पेश गर्नुपर्नेछ :-

(क) यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने कुनै सार्वजनिक निजी साझेदारी आयोजना वा सार्वजनिक खरिदसंग सम्बन्धित कुनै करारमा निज वा निजको एकासगोलको परिवारको कुनै सदस्य पक्ष रहेको वा नरहेको र रहेको भए सोको विवरण,

(ख) सार्वजनिक निजी साझेदारी आयोजनामा निजको एकासगोलको परिवारको कुनै सदस्य साझेदार कम्पनीको सञ्चालन वा आधारभूत शेयरधनी वा एजेन्ट रहेको वा नरहेको र रहेको भए सोको विवरण,

(ग) सार्वजनिक निजी लगानीमा निज वा निजको एकासगोलको परिवारको कुनै सदस्यको हिस्सा वा शेयर रहे वा नरहेको र रहेको भए सोको विवरण।

३१. **स्वार्थ बाझिने विषयको निर्णयमा भाग लिन नहुने :**

(१) सानिसा समितिको कार्यसूचीमा समावेश भएको कुनै विषयमा छलफल वा निर्णय गर्दा त्यस्तो विषयमा कुनै सदस्यको निजी स्वार्थ रहेको देखिएमा सम्बन्धित सदस्यले त्यस्तो विषयको छलफल र निर्णय गर्ने बैठकमा उपस्थित हुन तथा निर्णय प्रक्रियामा सहभागी हुनु हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै विषयमा छलफल वा निर्णय गर्दा कुनै सदस्य वा निजको एकासगोलको परिवारका कुनै सदस्यको कुनै किसिमको हकहित, स्वार्थ वा सरोकार रहेमा त्यस्तो सदस्यको निजी स्वार्थ रहेको मानिनेछ :-

(क) सार्वजनिक निजी लगानीको छनौट वा सो सँग सम्बन्धित विषय,

(ख) सार्वजनिक निजी लगानीको अनुमतिपत्र दिने विषय,

(ग) सार्वजनिक निजी लगानीको अनुमतिपत्र रद्द गर्ने विषय,

(घ) आयोजना सम्बन्धी प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी विषय,

(ङ) आयोजना कार्यान्वयनको अनुगमन सम्बन्धी विषय,

(च) आयोजना सम्बन्धी संरचना हस्तान्तरण वा हस्तान्तरण भएका आयोजनाको सञ्चालन सम्बन्धी विषय,

(छ) सानिसा समितिबाट निर्णय हुने अन्य कुनै विषयमा कुनै किसिमले निजी स्वार्थ रहेको विषय।

३२. **सानिसा इकाईको बैठक सम्बन्धी व्यवस्था :**

(१) सानिसा इकाईको बैठक प्रमुख प्रशासकीय अधिकृतले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) सानिसा इकाईको बैठक समितिले निर्धारण गरे अनुसार हुनेछ।

(३) सानिसा इकाईको निर्णय प्रमुख प्रशासकीय अधिकृतद्धारा प्रमाणित गर्नु पर्नेछ।

(४) सानिसा इकाईले कुनै विषयमा छलफल वा निर्णय गर्दा त्यस्तो विषयमा कुनै सदस्यको निजी स्वार्थ रहेको देखिएमा सम्बन्धित सदस्यले त्यस्तो विषयको छलफल र निर्णय गर्ने बैठकमा उपस्थित हुन तथा निर्णय प्रक्रियामा सहभागी हुनु हुदैंन।

३३. **गोपनीयता कायम राख्नु पर्ने** :

(१) सानिसा समिति र सानिसा इकाईका सदस्य र सम्बन्धित कर्मचारीले पदीय हैसियतमा काम गर्दा निजको जानकारीमा आएको सार्वजनिक भएको वा नभएको कुनै गोप्य सूचना अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा सोको स्रोत वा भेद खोल्न हुँदैन।

(२) सानिसा समिति र सानिसा इकाईका सदस्य र सम्बन्धित कर्मचारीले पदीय हैसियतमा काम गर्दा जानकारीमा आएको कुनै गोप्य सूचना निज वा निजको एकासगोलको परिवारको कुनै सदस्यको लाभ, हित वा फाईदाको लागि प्रयोग गर्न वा गराउँन हुँदैन।

(३) उपदफा (१) वा (२) प्रतिकूल हुने गरी कुनै सानिसा समिति र सानिसा इकाईका सदस्य र सम्बन्धित कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिने छ।

## परिच्छेद-९

## सम्भाव्यता न्यून परिपूर्ति कोष

३४. **सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापना** :

(१) सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउँने उद्देश्यले प्रत्येक गाउँपालिकामा एक सम्भाव्यता न्यून परिपूर्ति कोषको स्थापना गरिनेछ।

(२) सम्भाव्यता न्यून परिपूर्ति कोषको सञ्चालनका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको सदस्य रहने गरी एक सम्भाव्यता न्यून परि पूर्तिकोष सञ्चालक समिति रहनेछ :-

(क) कार्यपालिकाको प्रमुख .......... अध्यक्ष

(ख) कार्यपालिकाको प्रमुखले नियुक्त गरेको व्यक्ति .......... सदस्य

(ग) निजी क्षेत्रका लगानीकर्ताको तर्फबाट एक प्रतिनिधि .......... सदस्य

(घ) कार्यपालिकाद्वारा नियूक्त विज्ञ .......... सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत .......... सदस्य सचिव

(३) सम्भाव्यता न्यून परिपूर्ति कोषको सञ्चालन सम्बन्धी कार्यविधि न्यून परिपूर्ति कोषको सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

३५. **कोषमा जम्मा हुने रकम** : कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-

(क) कार्यपालिकाबाट प्राप्त रकम,

(ख) संघीय वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) आयोजनाको विकासमा सहकार्य गरिरहेका साझेदारहरुबाट प्राप्त रकम,

(ङ) दफा ४० र ४१ बमोजिम प्राप्त जमानत रकम,

(च) अन्य स्रोतबाट प्राप्त हुने रकम।

३६. **कोषको रकम प्रयोगमा बन्देज** : सम्भाव्य आयको तुलनामा लागत बढी हुने आयोजनालाई अनुदान उपलब्ध गराउने विषयमा बाहेक कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान लगायत कुनै पनि आर्थिक सहायता प्रदान गर्ने प्रयोजनका लागि यस कोषको रकम खर्च गर्न पाइने छैन।

३७. **अनुमति लिनु पर्ने** :

(१) आयोजनाको सम्भाव्य आयको तुलनामा लागत बढी हुने अवस्था भएमा लगानीकर्ताले थप आवश्यक रकमका लागि आयोजनाले सम्भाव्यता न्यून परिपूर्ति कोष समक्ष निवेदन दिनुपर्नेछ। उक्त निवेदन पेश गर्दा आयोजनाको सम्भाव्यता लागतको विवरण संगै आयोजना सम्पन्न हुँदा लाग्ने लागतको विवरण समेत उक्त निवेदनका साथ पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदन माथि सम्भाव्यता न्यून परिपूर्ति कोष सञ्चालक समितिले अध्ययन गरी आयोजनाको आवश्यकता अनुसार आर्थिक सहायता प्रदान गर्न सक्नेछ।

३८. **कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्ने** : सम्भाव्यता न्यून परिपूर्ति कोष समितिले आफूले गरेको कार्य सम्पादन सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद-१०
## विविध

३९. **सूचना प्रकाशन गर्नु पर्ने** :

(१) यस कार्यविधिको दफा ५ को उपदफा (५) दफा ७ को उपदफा (१), दफा १३ को उपदफा (१), दफा १४ को उपदफा (१), दफा १७ को उपदफा (२), दफा २३ को उपदफा (२), दफा २४ को उपदफा (२) बमोजिम आयोजनाले सूचना प्रकाशन गर्दा नेपाली भाषामा कम्तीमा एक राष्ट्रिय दैनिक पत्रिका र एक स्थानीय स्तरमा प्रकाशन हुने दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने सूचना सम्भव भए त्यस्तो सूचना कार्यपालिका वा सानिसा समितिको वेभसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

४०. **रकम वा जमानत दाखिला गर्नु पर्ने** :

(१) सार्वाजनिक निजी साझेदारीमा विकास हुने आयोजनामा आयोजनाको लागत अनुमानको शुन्य दशमलव एक (०.१) प्रतिशतले हुने रकम सानिसा इकाईमा दाखिला गर्नुपर्नेछ।

(२) लागत अनुमान नभएको आयोजनाको हकमा सानिसा इकाईले तोके बमोजिमको रकम वा सो रकम बराबरको जमानत वा वाणिज्य बैकले जारी गरेको जमानत (विडवण्ड) सानिसा इकाईमा दाखिला गर्नुपर्नेछ।

४१. **रकम वा जमानत जफत हुने अवस्था** : दफा ४० बमोजिम दाखिला गरेको जमानत देहायका अवस्थामा जफत हुनेछ :-

(क) समझदारी पत्र वा प्रारम्भिक आयोजना सम्झौता भएकोमा प्रस्तावकले समझदारी पत्र वा प्रारम्भिक आयोजना सम्झौता विपरित कुनै काम कुरा गरेमा,

(ख) प्रस्तावकले दफा २० बमोजिम पेश गर्न पर्ने विवरण सोही कार्यविधिमा लेखिएको म्याद भित्र पेश गर्न नसकेमा,

(ग) संयुक्त रुपमा एक भन्दा बढी व्यक्तिले आयोजनाको प्रस्ताव पेश गरेकोमा कुनै व्यक्तिले उक्त आयोजना बाट अलग भएको जानकारी सानिसा समितिलाई दिएमा र बाँकी रहेको व्यक्तिले मात्र आयोजना कार्यान्वयन गर्न सक्ने नदेखिएमा वा समान योग्यता भएको अर्को व्यक्तिलाई सो आयोजनामा समावेश गर्न नसकेमा।

४२. **आयोजनाको शुल्क :**

(१) आयोजनाले सेवा दिए वापत उपभोक्ताबाट प्राप्त हुने शुल्क पुनरावलोकन गर्ने सम्बन्धमा सम्झौतामा कुनै अवस्था उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा उपदफा (२) र उदफा  (३) को अवस्थामा शुल्क पुनरावलोकन गरिने छ।

(२) उदफा (१) बमोजिम शुल्क बढाउनु परेमा सानिसा समितिलाई शुल्क बढाउने कारण सहित आयोजना कार्यान्वयन गर्ने व्यक्तिले निवेदन दिनुपर्नेछ।

(३) उदफा (२) बमोजिम प्राप्त निवेदन र शुल्क बढाउने कारण जाँच गर्दा शुल्क बढाउँन मनासिब देखिएमा सानिसा समितिले निवेदन पेश गरेको दश दिन भित्र शुल्क बढाउने स्वीकृति दिन सक्नेछ।

(४) आयोजानाले आफ्नो सेवाको शुल्क घटाउन चाहेमा सानिसा समितिको स्वीकृति आवश्यक पर्ने छैन।

४३. **क्षतिपूर्ति निर्धारण समिति :**

(१) घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्न बाली वा हुर्केका रुख बिरुवा काटनु उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउँनु परेमा सोको मनासिब क्षतिपूर्ति सम्बन्धित धनीलाई दिई अनुमति पत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ।

(२) आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घर जग्गा सो कामको निमित्त प्रयोग गर्न वा त्यस्तो घर जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरी पाउन अनुमति पत्र प्राप्त व्यक्तिले सानिसा इकाई समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मानसिब देखिएमा सानिसा समितिले प्रचलित कानून बमोजिम त्यस्तो

घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरी निषेध गर्न सक्नेछ। तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी बापतको क्षतिपूर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ।

(३ उपदफा (२) बमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्नको लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानी नोक्सानीको मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ। एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ :-

(क) सानिसा इकाईको प्रमुख - अध्यक्ष

(ख) सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिको प्रतिनिधि - सदस्य

(ग) स्थानीय उपभोक्ताहरु मध्येबाट सानिसा इकाईले तोकेको व्यक्ति - सदस्य

(३) क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्ति निर्धारण गर्ने सम्बन्धमा अपनाउनु मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४४. आयोजनाको जाँचबुझ तथा निरीक्षण गर्न सक्ने :**

(१) प्रत्येक आयोजनाले आयोजनाको सम्झौता भएपछि प्रत्येक वर्ष आयोजनाको कार्य प्रगति वा आयोजनाको सञ्चालन सम्बन्धी प्रतिवेदन जानकारीका लागि सानिसा समिति समक्ष पेश गर्नुपर्नेछ।

(२) सानिसा समितिले कार्यविधि बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिबाट आयोजना कार्यान्वयन भए वा नभएको सम्बन्धमा आयोजनाको जाँचबुझ वा निरीक्षण गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ वा निरीक्षण गर्दा गराउँदा कुनै आयोजना यस कार्यविधि बमोजिम कार्यान्वयन भएको नदेखिएमा सानिसा समितिले आयोजना कार्यान्वयन नभएको कारण खुलाई अनुमतिप्राप्त व्यक्तिसंग स्पष्टिकरण माग गर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिप्राप्त व्यक्तिले स्पष्टिकरण पेश नगरेमा वा पेश गरेको स्पष्टिकरण मनासिब नदेखिएमा सानिसा समितिले बढीमा तीन महिनासम्मको वा सम्झौतामा उल्लेख भए बमोजिमको म्याद दिई त्यस्तो म्यादभित्र आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्न सक्ने गरी सुधार गर्ने मौका दिनेछ।

(५) उपदफा (४) बमोजिम म्यादभित्र आयोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्न नसकेमा सानिसा समितिले प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न सक्नेछ।

४५. यस कार्यविधिमा जुनसुकै कुरा लेखिएता पनि यस अघि भएका सबै कार्य यस कार्यविधि अनुसार भएको मानिनेछ।

४६. **संशोधन तथा हेरफेर** : यस कार्यविधिको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

४७. **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने** : कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधाअड्काउ फुकाउन सक्नेछ।

अनुसूची १

**अनुसूची-१**

(दफा १८ सँग सम्बन्धित)

**ताँजाकोट गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, हुम्ला**

**कर्णाली प्रदेश, नेपाल**

**वार्ताद्वारा आयोजना कार्यान्वयन गर्ने सम्बन्धी निवेदन**

मिति :..................

श्रीमान अध्यक्ष ज्यू

सानिसा समिति

ताँजाकोट गाउँपालिका

विषय : वार्ताद्वारा आयोजना कार्यान्वयन गर्ने सम्बन्धी निवेदन।

महोदय,

म/हामी निवेदन सार्वजनिक निजी साझेदारी सम्बन्धी .......................... को दफा १७ को उपदफा (१) अन्तर्गतको वार्ताद्वारा निम्न बमोजिमको आयोजना कार्यान्वयन गर्ने इच्छुक भएकोले सो सम्बन्धमा अनुमति पत्र पाँउ भनी निवेदन गर्दछु।

**निवेदनको विवरण** :

(१) आयोजनाको संक्षिप्त विवरण,

(२) सार्वजनिक निजी साझेदारी सम्बन्धी कार्यविधिको दफा १७ को उपदफा (१) बमोजिमको विवरण संलग्न गरिएको छ।

निवेदक

हस्ताक्षर :

नाम :

पद :

ठेगानाः

**अनुसूची-२**

(दफा २६ को उदफा (१) सँग सम्बन्धित)

**ताँजाकोट गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, हुम्ला**

**कर्णाली प्रदेश, नेपाल**

**अनुमति पत्र प्राप्त गर्नका लागि पेश गर्नुपर्ने निवेदन**

मिति :..................

श्रीमान् अध्यक्ष ज्यू,
सानिसा इकाई
ताँजाकोट गाउँपालिका

विषय : आयोजना कार्यान्वयनको अनुमति ।

म/हामी निवेदक र सानिसा समिति बीच मिति ........... का दिन सार्वजनिक निजी साझेदारी सम्बन्धी कार्यविधि, ..................... को दफा २६ को उपदफा (१) बमोजिम आयोजना कार्यान्वयनको सम्झौता भएकोमा उक्त सम्झौता भएको ...... दिनभित्रै अनुमति पत्र प्राप्त गर्नुपर्ने भएकाले अनुमति पत्र पाउँ भनी यस निवेदन पेश गरेको छु । सानिसा समितिसंग भएको सम्झौताको प्रतिलिपि पनि यसै साथ संलग्न गरिएको छ ।

निवेदक
हस्ताक्षर :
नाम :
पद :

**अनुसूची-३**

(**दफा २६ को उपदफा** (२) **सँग सम्बन्धित**)

**ताँजाकोट गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**, **हुम्ला**

**कर्णाली प्रदेश**, **नेपाल**

**अनुमति पत्र**

श्री :......................................

ठेगाना :..................................

**अनुमति पत्र**

सानिसा इकाईको मिति ............. को .................... निर्णय बमोजिम तपाई श्री .................................... लाई .................... (आयोजना रहने ठाउँ उल्लेख गर्ने मा .................... (आयोजनाको नाम उल्लेख गर्ने आयोजना कार्यान्वयन गर्न स्वीकृति दिइएकोले सार्वजनिक निजी साझेदारी सम्बन्धी कार्यविधि .................... को दफा २६ को उपदफा (२) बमोजिम यो अनुमति पत्र दिइएको छ।

मिति :.................................

.........................................

प्रमुख प्रशासकीय अधिकृत सानिसा इकाई

ताँजाकोट गाउँपालिका

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,

लाल प्रशाद ढकाल

प्रमुख प्रशासकय अधिकृत